# सुवर्णद्वार

- डा. पुरूषोत्तम लोचन श्रेष्ठ

भक्तपुर राजदरबार आवतजावत गर्ने मूलद्वार सुवर्णद्वार हो। यस द्वारको पूर्वपट्टि पचपन्नभ्याले दरबार, पश्चिममा सिंहध्वाखा दरबारका भागहरू तथा उत्तरमा यमद्वारचोक र दक्षिणमा राजदरबारको विशाल प्राङ्गण छ।

मल्लकालीन अन्तिम उत्कृष्ट कृतिको रूपमा देखापरेको यस सुवर्णद्वार रणजित मल्लले बनाउनुपूर्व पनि (मूलद्वारलाई सुवर्णद्वारमा परिणत गर्नुपूर्व) दरबार पस्ने मूलद्वार यहीं थियो । मूलद्वारलाई सुवर्णद्वारको रूपमा परिणत गरी विशेष रूपमा सजाउने कार्य रणजित मल्लको पालामा पूरा भए तापनि पूर्वयोजना जगज्ज्योर्ति मल्लको पालामै बनेको बुझिन्छ।

तत्कालीन समयमा **निवा** शाक्यहरू सुवर्ण कालिगढका रूपमा प्रसिद्ध थिए । सुवर्णद्वार निर्माण गर्नको निमित्त ने.सं. ७६६ (वि.सं. १७०३) मा जगज्ज्योर्ति मल्लले ललितपुरको क्वावहालबाट गुणसिंहदेव निवा र भावदेव निवाहरूलाई ल्याई भक्तपुरको वुथुवहीमा बसालेको बुझिन्छ ।[१] दुर्भाग्यवश सुवर्णद्वार बनाउन नपाउँदै उनीहरूको मृत्यु भयो, तापनि यसैको एउटा सानो प्रारूप (नमूना) उनीहरूले निर्माण गरिसकेका थिए ।[२]

यस प्रकार मूलद्वारलाई सुवर्णद्वारमा परिणत गर्ने प्रयासले निकै लामो समय लिएको देखिन आएको छ।

रणजित मल्लले आफ्नो राज्य अन्तर्गतका ग्रामप्रदेशहरूबाट उठेको आम्दानीबाट दुमाजु तलेजू

---

१) क. गुणसिंह निवाका वंशज वर्तमान **निवा** परिवारका बुद्धरत्न बुद्धाचार्य, तेजरत्न शाक्यहरूबाट प्राप्त जानकारीको आधारमा ।

ख. तेजरत्न शाक्य "स्वर्णद्वार र निवा शाक्य" **पासुका**, (भक्तपुर, सुथां, वि.सं. २०५२), वर्ष २, अंक १, पृ. ३

२) भक्तपुरका **निवा** शाक्यहरूले **बही द्यो:व्वये** गर्दा उक्त सुवर्णद्वारको प्रतिरूप अद्यापि पनि प्रदर्शन गर्दै आएका छन्, निवा शाक्यहरूका अनुसार जितामित्र मल्लले दिएको बकसपत्रमा पनि सो नमूनारूपको सुवर्णद्वारको चर्चा परेको छ ।



सुवर्णद्वारमाथिको तोरण, भक्तपुर



सुवर्णद्वार, भक्तपुर

आदि देवताहरूको नित्य नैमित्तिक पूजाआजा चलाउनको निमित्त अनेक पूजासामग्रीहरू राखिएको देखिन आएको छ। त्यस्तै तिब्बतसितको व्यापारबाट पनि उनले निकै आर्थिक लाभ प्राप्त गरेका थिए। चाँदीका मुद्राहरूको बढ्ता प्रचलन तिब्बतमा यिनकै राज्यकालमा भएको थियो। त्यताबाट नाफाको रूपमा सुन प्राप्त भएको अवसरमा उनले तलेजुमा एउटा **था पूजा** (व्रमार्चन पूजा) पनि राखेको देखिन्छ। जुन **लुं दव था पूजा** को नामले अद्यापि पनि हरेक वर्षको पौष शुदि ५ रोजका दिनमा चल्दै आएको छ।[३]

यसरी उक्त सन्दर्भमा भक्तपुर राज्य अन्तर्गत ग्रामप्रदेशहरूबाट उठेको आम्दानी र तिब्बतसितको व्यापारिक कारोबारबाट प्राप्त सुन र अन्य लाभहरूबाट आर्थिक स्थिति दरिलो हुन पुगेको अनुकूल परिस्थितिमा सुवर्णद्वार निर्माणको अधूरो योजनालई साकार पार्ने गुणसिंहदेवका वंशज सुभाकर, वरूणाकर र रतिकरहरूलाई सुवर्णद्वार बनाउन लगाए; यी तीन स्वर्ण कालिगढहरूले सुवर्णद्वार निर्माण कार्यको शुरूवात ने.सं. ८७१ (वि.सं. १८०८) मा गरेका थिए।[४] तीन वर्ष पछि (ने.सं. ८७४) बनाउन सिध्याए।

यसरी आफ्नो शासनकालमा सुवर्णद्वार निर्माणकार्य पूरा भएको हुनाले रणजित मल्ल निकै खुशी भई सुवर्णद्वार बनाइदिने स्वर्णकालिगढहरू र तिनका सन्तानका निमित्त **जेतवर्ण महाविहार** (वंशगोपालमा) र **खौमाबहाल** निर्माण गर्न लगाए; जग्गा प्रदान गरी सामान्य जनतालाई भन्दा विशेष सहुलियत पनि प्रदान गरे[५], स्वर्ण कालिगढहरूले मान्दै आएका विश्वकर्मा देवता (महामञ्जुश्री) लाई चाँदीको **हलेफो** (चारपाते गहना विशेष) चढाएका थिए।[६] त्यस्तै सुवर्णद्वार बनाउन सफल भएपछि स्वर्ण कालिगढहरूले पनि एउटा **हेलेफो** आफ्ना देवता महामञ्जुश्रीलाई चढाएका थिए।[७]

सुवर्णद्वारको निर्माणकार्य पूरा भएको अवसरमा रणजित मल्लले आफ्नी पत्नी जयलक्ष्मीसहित "कोटचाहुति यज्ञ" गरेका थिए। उपत्यकाका मल्ल दरबारहरूमा पहिलो पल्ट राजदरबार पस्ने मूलद्वारलाई सुवर्णद्वारको रूपमा निर्माण गर्न पाएकोमा रणजित मल्लको फूर्ति यसबखत बढेको बुझिन्छ; त्यस्तै भक्तपुर राज्य अन्तर्गत पर्ने उत्तर पूर्वका प्रदेशहरू पनि यतिबेला उनको अधिकारमा पुनः आइसकेको हुनाले पनि उनको

---

३) क. "पौष शुदि ५ ॥ देश लु दवया ... था पूजा ..."
पुरूषोत्तम लोचन श्रेष्ठको संग्रहमा रहेको अप्रकाशित "श्री ३ तलेजुस्के था पूजाया संकल्पवाक्य" ठ्यासफू प्रतिलिपिबाट।

ख. पुरूषोत्तम लोचन श्रेष्ठ- "भक्तपुर तलेजुको था पूजा: एक ऐतिहासिक विश्लेषण" **प्राचीन नेपाल**, (काठमाडौं, पुरातत्त्व विभाग, वि.सं. २०४४), संख्या १०४, पृ. १६।

४) भक्तपुरका **निवा** परिवारका श्री तेजरत्न शाक्य, बुद्धरत्न बुद्धाचार्यहरूबाट प्राप्त जानकारीको आधारमा।

५) वज्रकौसी निकाली बनाइएको एउटा घर केही वर्ष पूर्व जेतवर्ण महाविहारमा थियो; त्यस्तै आँखीझ्यालमा शिशा लगाई बनाइएको एउटा घर खौमाबहालमा अद्यापि देख्न सकिन्छ। यसरी साधारण जनताको घरमा यसप्रकारको सहुलियत प्रदान गरिएको यो पहिलो अवसर थियो। - शाक्य "स्वर्णद्वार र निवा शाक्य" पृ. ४।

६) परिशिष्ट १ संख्याको अभिलेख।

७) परिशिष्ट २ संख्याको अभिलेख।

फूर्ति बढेको थियो । यसो हुँदा रणजित मल्लले फूर्तिकासाथ आफ्नो राज्य "नालदूम पूर्व, दूधकोशी पश्चिम र दोलखासम्म फैलिएको भनेर सुवर्णद्वारको बायाँ पट्टिको भित्ताको सुवर्णाभिलेखमा लेखाएका छन् ।[८]

वास्तुकलाको दृष्टिले सुवर्णद्वार एक तले नेपाली मन्दिरको रचना शैलीमा निर्मित छ । छानाको प्रयोग नेपाली मन्दिरको प्रमुख विशेषता हो । मुख्यतया ताम्रधातु[९] माटो, काठ, ईंट र ढुङ्गाको प्रयोगबाट बनेको यस द्वारमा धातुमा सुनको जलप लगाइएकोले सुवर्णद्वारको रूप लिन पुगेको छ । सलामी परेर गएको छानाको ठीक बीचमा कमलासनमा "खड्ग" छ । खड्गलाई कलात्मक रूपबाट कुँदिएका बुट्टाहरूको आकृति सजाइएको छ; त्यसको शीर्षमा (खड्गको ठीक माथि) एउटा सानो आकारको छत्र छ ।

शाक्त तान्त्रिक परम्परामा खड्गलाई साक्षात देवीकै रूपमा वा प्रतिनिधिको रूपमा पनि मान्दै आएको पाइन्छ । विधिपूर्वक अष्टमीको दिनमा खड्गस्थापन (खड्गसिद्धिको प्रार्थना) गरी दशमीको दिनमा "खड्गचालन" वा "खड्गजात्रा" गर्ने चलन अहिले पनि छ । सांग्रामिक शक्ति र सुरक्षाको पनि प्रतीक हुनाले मल्ल राजाहरूमा खड्गसिद्धि (तान्त्रिक देवीदेवताबाट खड्ग साटेर) प्राप्त गर्ने चलन विशेष लोकप्रिय थियो ।

मल्लकालमा खड्ग राजचिन्हकै रूपमा वा राजप्रतिनिधिको रूपमा पनि प्रसिद्ध थियो । धार्मिक सांस्कृतिक उत्सवताका राज प्रतीकको रूपमा राजदरबारबाट खड्ग लाने ल्याउने चलन अहिले पनि छ । त्यस्तै महत्त्वपूर्ण राजनैतिक तथा प्रशासनिक मामलामा शाहकालमा **लालमोहर** प्रचलित रहे झैं मल्लकालमा खड्ग चिन्हको छाप लगाउने चलन थियो; भूमिसम्बन्धी तमसूक-ताडपत्रहरूमा लगाइएका "खड्गछाप" (राणाकालमा प्रचलित "खड्गनिशानाछाप" यो होइन) यसको एउटा उदाहरण हो ।[१०]

यसरी राजदरबार शासन प्रशासनको मूल थलो मात्र नभएर धार्मिक सांस्कृतिक मूल थाले पनि रहँदै आएको त्यसबखतको परिस्थितिमा त्यस्ता महत्त्वपूर्ण पक्षहरूको प्रतीकको रूपमा यस सुवर्णद्वारको छानामा खड्ग राखिएको बुझिन्छ । त्यस्तै छत्रलाई पनि राजचिन्हकै रूपमा मानिन्छ ।

खड्गमाथि छानाको टुप्पामा लहरै तीनवटा गजूरहरू छन् । बीचको गजूर दायाँ बायाँका गजूरहरूभन्दा केही ठूलो छ । गजूरलाई मङ्गलको प्रतीक तथा पूर्णकलशको रूपमा पनि मानिन्छ । यसरी गजूरहरू हालिएकोले सुवर्णद्वारले मन्दिरको रूप लिन पुगेको छ । उपत्यकाका तीन मल्ल दरबारहरू राजकीय बासस्थानको रूपमा मात्र नभएर तान्त्रिक

---

८) "श्री ३ स्वेष्टदेवता प्रीतिन कोटचाहुतियज्ञ याङाव नालदूम पूर्व, दूधकोशी पश्चिम, दोलखासहित राज्य याङाव थ्व पालध्वाकास सुवर्णद्वार, तोरण, पोलल, गजुल छाया व दुता ॥" - परिशिष्ट ३ "ख" संख्याको अभिलेख ।

९) धार्मिक परम्परामा अनेक प्रकारका धातुहरूले अनेक (देवीदेवताका) अर्थ र मान्यता पाउँदै आएको बुझिन्छ । सुवर्णधातु झैं ताम्रधातुलाई पनि पवित्र एवं साक्षात् महादेवकै रूपमा पनि पुजिने हुँदा सुवर्णद्वारको निर्माणमा ताम्रधातुलाई प्रयोगमा ल्याएको बुझिन्छ ।

१०) डा. पुरूषोत्तम लोचन श्रेष्ठ "अप्रकाशित केही ताडपत्रहरू र फार्षति पत्रहरू" **रोलम्बा** (ललितपुर, जोशी रिसर्च इन्स्टिच्यूट, इ.सं. १९९३) भोलम १३ ।

देवीदेवताहरूको बासस्थानको रूपमा पनि प्रसिद्ध छ। तलेजू, दुमाज आदि यसका उदाहरण हुन्। मल्लकालदेखि भक्तपुर राजदरबारमा मानेश्वरी, दुमाज र तलेजूले राजकीयस्तरमा विशेष मान्यता पाउँदै आएको छ। यताबाट ती त्रिशक्तिकै प्रतीक११ तीन गजूरहरू यस सुवर्णद्वारमा राखिएको बुझिन्छ।

सुवर्णद्वारका तीन गजूरहरूलाई खुल्लारूपको कलात्मक बुट्टा भएको एउटा तोरणले सजाइएको छ। उक्त तोरणमाथि एउटा छत्र छ, तोरणको शीर्षभागको दायाँ बायाँ ससाना तीन तीन वटा **फेगंः** (हावा चल्दा बज्ने घण्टाहरू) झुण्डचाइएका छन्। यसै तोरण तथा गजूरका दायाँ बायाँ झण्डाहरू छन्। दुवै झण्डाका टुप्पामा हनुमान् पनि देखाइएको छ।

मल्ल राजाहरूले आफूलाई रामचन्द्रका वंशजका रूपमा प्रस्तुत गरेका थिए। यसैकारण रामचन्द्रका ठूला सहायक परमवीर हनुमान् प्रति उनीहरूले विशेष आदरभाव राखी झण्डामा पनि हनूमान्को आकृति राख्न लगाएका हुन्थे। यताबाट मल्ल राजाहरूले आफूलाई "हनूमद्ध्वज" भनेर देखाउन खोजेको कुराको पुष्टि हुन्छ। यद्यपि कान्तिपुर र ललितपुरका मल्ल राजाहरूले आफ्नो राजप्रशस्तिमा पनि "हनूमद्ध्वज" भनेर लेखाएका अभिलेखहरू पाइन्छन्, तर भक्तपुरका मल्ल राजाहरूले चाहिं लेख्न लगाएको पाइएको छैन। तापनि सुवर्णद्वारको झण्डाका टुप्पामा हनूमान्को आकृति राख्न लगाएर "हनूमद्ध्वज"को रूपमा चिनाउन खोजेको कुराको पुष्टि हुन्छ।

प्राकृतिक विपत्तिबाट राजदबारको सुरक्षा गर्न, शत्रुलाई नाश पार्न, भूतप्रेत आदिबाट बच्न मल्ल राजाहरूले आफ्ना दरबारमा हनूमान्को मूर्ति स्थापना गरेका हुन्थे। त्यस्तै सोही आशयले झण्डामा पनि हनूमान्को आकृति राख्ने गरेको कुरा थाहा पाइन्छ। महाभारतको कथामा हनूमान्लाई भीमसेनभन्दा पनि निकै बलवान व्यक्तित्वको रूपमा वर्णन गरिएको छ; शत्रुलाई नाश पार्न सक्ने खूबी कै कारण अर्जुनको रथको झण्डामा यिनी शोभायमान हुन पुगेको कथा हाम्रो यहाँ प्रसिद्ध छ। यसकारण पनि मल्ल राजाहरूले आफ्ना झण्डामा हनूमान्को आकृति राखेका हुन् भन्ने कुरा थाहा पाइन्छ।

सुवर्णद्वारका यी झण्डाहरू नेपालको राष्ट्रिय झण्डाको रचना शैलीसित मिल्दोजुल्दो छ। धातुद्वारा निर्मित यस्तै एकजोडी झण्डा भक्तपुरको वाराही देव मन्दिरमा पनि छ। यताबाट मल्लकालीन दरबार एवं देवालयका झण्डाहरूको रचना शैलीको मूल छाप नेपालको राष्ट्रिय झण्डामा परेको छ भन्ने कुरा देखिन आएको छ।

सुवर्णद्वारको छानाको टुप्पाको लहरमा (झण्डाको दायाँ बायाँ) एकजोडी उड्न लागेका सिंह छन्। ती सिंहहरू फूर्तिला देखिन्छन्। यसै लहरमा पूर्व पश्चिम दिशातर्फ सूँड उचाली फर्किरहेका एकजोडी हात्ती पनि छन्। सिंह र हात्तीको आकृतिहरू शक्ति, सुरक्षा, सम्पन्नता एवं मङ्गलको प्रतीकका रूपमा रहेका देखिन्छन्। १२

---

११) धार्मिक परम्परामा त्रिशक्ति (त्रैकवाद) को प्रयोग प्रतीक अर्थको रूपमा व्यापक रूपमा हुँदै आएको देखिन्छ; **सत्व रज तम, महाकाली, महासरश्वती र महालक्ष्मी, ब्रम्हा, विष्ण र महेश्वर** आदि यसका उदाहरण हुन्।

१२) सिंहभन्दा हात्तीको जीउ ठूलो हुन्छ, तर सुवर्णद्वारमा हात्तीभन्दा सिंहको आकृति ठूलो देखाइएको छ। जीउले हात्ती ठूलो भए तापनि बलले चाहिं सिंह नै ठूलो हो भन्ने कुरा प्रतीकका रूपमा बुझाउन खोजेको आभास हुन्छ।

सुवर्णद्वारको छानाको दुवै कुनामा शीर मात्र देखिने गरी बनाइएका काल्पनिक रूपका आकृतिहरू (गरुडको जस्तो आकृति) छन्। त्यसपछि छानाको दुवै कुनामा (पूर्व, पश्चिम) माथिबाट तल झरिरहेका एकजोडी मकर छन्। छाना मुनिको एक लहर कलात्मक बुट्टाले सजाइएको छ।

दचि अप्पा (ईंट विशेष) बाट सुवर्णद्वारको गारो बनेको छ। गारोको माथिल्लो र पूर्व पश्चिमका किनारा-भागहरू सुनको जलप लगाइएको ताम्रधातुको पाताले मोरिएको छ। गारोलाई मजबूत तुल्याइराख्न यसो गरेको हुनुपर्छ। त्यस्तै गारोको माथिल्लो भागमा दायाँ बायाँ दुवैतिर सुनको जलप लगाइएका १६ वटा जति किल्लाहरू ठोकिएका छन्; सुवर्णद्वारलाई मजबूत तुल्याइराख्न यस्तो रचना गरिएको हुनु पर्छ।

सुवर्णद्वारको दायाँ बायाँ भित्तामा दुईवटा सुवर्ण पत्रहरू छन्।[१३] रणजित मल्लले ने.सं. ८७४ मा सुवर्णद्वार बनाएको अवसरमा आफ्नो शुयश कीर्ति रहोस् भन्ने अभिप्रायले राख्न लगाएका थिए।

सुवर्णद्वारको दायाँ बायाँ भित्तामा (सुवर्णपत्रको तल) पूर्णकलश छन्।[१४] माङ्गलिक चिन्हको प्रतीक पूर्णकलशलाई पूर्णताको प्रतीकको साथै तान्त्रिक धर्मले साक्षात् देवीकै रूपमा पनि मान्दै आएको बुझिन्छ। उदाहरणको रूपमा वत्सलादेवीलाई लिन सकिन्छ; भक्तपुर राजदरबारस्थित वत्सलादेवीको एक तले रातो मन्दिरभित्र प्रतिष्ठित पूर्णकलशलाई वत्सलादेवीको रूपमा पूजिन्छ। "अन्नपूर्णा" "गुह्यश्वरी" आदि पनि यसका उदाहरण हुन्।

सुवर्णद्वारको दायाँ बायाँ (पूर्णकलशको तल) चारपाटे डबलीहरू छन्। यहाँ उहिले द्वारको रक्षा गरी बस्ने द्वारपाल रहन्थे।[१५] त्यस्तै विजयादशमीको रातमा तलेजू भवानीको **पायोजात्रा** चलाउनुपर्दा त्यस दिनको साईत अनुसार माथिल्लो टोल (थने) हुँदै देश परिक्रमा गर्नु पर्ने भएमा "थने न्त्यावेगु" भनेर बायाँपट्टिको डबलीमा र तलतिरको टोल हुँदै (कोने) देश परिक्रमा गर्नु पर्ने भएमा "कोने न्ह्यायेकेगु" भनेर दायाँपट्टिको डबलीमा बिसाउने चलन छ। यताबाट ती डबलीहरू द्वारपालको प्रयोजनका लागि मात्र नभएर राजदरबारद्वारा संचालित महत्त्वपूर्ण धार्मिक एवं सांस्कृतिक आदि उत्सवताका प्रयोगमा ल्याउनको निमित्त पनि बनाइएका थिए भन्ने कुराको पुष्टि मिल्छ।

सुवर्णद्वारको तोरणमाथि छत्र छ; तोरणको शीर्षमा पखेटा फिंजाएर उडन लागेको गरुडले आफ्ना नंग्राले सर्प च्यापिरहेको देखाइएको छ। दायाँ बायाँ नृत्य मुद्रामा अप्सराहरू छन्, तोरणको यसै लहरमा यसको तल एकजोडी नागिनीहरू छन्, त्यसभन्दा मुनि पूर्व पश्चिम फर्केर रहेका एकजोडी मकर छन्, दुवै मकरका जिब्रोमा तीन-तीनवटा फे गःहरू झुण्डचाइएका छन्; तोरणको मूलभागमा महिषासुर मर्दिनी भगवतीको

---

१३) परिशिष्ट ३ संख्याका अभिलेखहरू।

१४) अष्टमङ्गल (माछा, छत्र, ध्वज, श्रीवत्स, कलश, शंख, चक्रचामर) सहितको कलशलाई पूर्णकलशको रूपमा मान्ने चलन छ। सुवर्णद्वारको पूर्णकलश त्रिखुत्रि-आसनमा छ। आष्टमङ्गलको दायाँ बायाँ सूर्य चन्द्र रहन्छ।

१५) रणजित मल्लले **पालध्वाका**मा सुवर्णद्वार, तोरण, छाना, गजूर बनाई चढाएको उल्लेख बायाँ पट्टिको सुवर्णपत्रमा परेको छ। यताबाट राजदरबार प्रवेश गर्ने मूलद्वार सुवर्णद्वारमा परिणत हुनु पूर्व **पालध्वाका** नामले प्रसिद्ध थियो भन्ने कुरा थाहा पाइन्छ। स्वर्णकालिगढहरूले चढाएको हेलेफोमा चाहिं **नेपालध्वाका** उल्लेख भएको छ।

सुन्दर र कलात्मक मूर्ति छ; जुन सुवर्णद्वारको मूल आकर्षण एवं तान्त्रिक रूपबाट गुप्तरूपमा आगममा प्रतिष्ठापित तजेजू भवानीको सर्वसाधारणले पनि दर्शन गर्न सकिने विविध रूपमध्येको एउटा मूल रूप वा प्रतीक बनेर रहेको छ ।[१६] यस मूर्तिमा भवानीका चारवटा शीर र दश वटा हाटहरू (सम्बद्ध लक्षण र आयुधहरू सहित) छन्; कमलासनमा उभिएको यो देवीका दायाँ पाउतिर गरुड र बायाँ पाउतिर महिषासुर छन्। महिषासुरलाई दुःख र मृत्युको प्रतीक मानिन्छ भने दुःख नाश पारी मृत्युबाट बचाउने, शत्रुको संहार गर्ने देवीको रूपमा महिषमर्दिनी भगवती (दुर्गा भवानी) धार्मिक परम्परामा निकै लोकप्रिय छिन् । दशैंताका तलेजू भवानीलाई (दुर्गा भवानी) नवदुर्गाको रूपमा तान्त्रिक विधिपूर्वक पूजा उपासना गरी मान्ने चलन छ ।

सुवर्णद्वारको तोरणको मूलदेवी (तलेजू भवानी) को दायाँ बायाँ गंगा र जमुनाका मूर्तिहरू छन् । ती मूर्तिमा गंगाका वाहन **मकर** र जमुनाका वाहन **कछुवा** छन्; धार्मिक दृष्टिले र प्राकृतिक रूपबाट पनि यो जलसित सम्बद्ध छन्; यसकारण पवित्र जलकै प्रतीक रूपमा रहेको देखिन्छ । गंगा जमुनाका ठूला मूर्तिहरू (मानव कदका) तलेजू आगम मन्दिरको मूलद्वारको दायाँ बायाँ पनि छन् ।[१७] यताबाट देवगृहको दायाँ बायाँ अथवा तोरणको दायाँ बायाँ गंगा जमुनाका मूर्ति राख्ने चलन पहिलेदेखि नै थियो भन्ने कुरा थाहा पाइन्छ ।

सुवर्णद्वारको तोरणपुनि द्वारको दायाँ बायाँ निम्न आकृति कुँदिएका छन्-

| **दायाँ** | **बायाँ** |
|---|---|
| काली | काली (भोजन मुद्रामा) |
| गणेश | कुमार |
| भैरव | भगवती |
| कलश | कलश |
| कुवेर | कुवेर (शक्ति) |
| सिंह[१८] | सिंह |

समग्रमा उक्त मूर्तिहरू शक्ति, सुरक्षा, धन दौलत, शुभ कर्म, कार्यसिद्धि, कुशल मङ्गल आदिका प्रतीकका रूपमा पनि रहेका छन् ।

सुवर्णद्वार दुई खापामा विभक्त छ; ती दुवै खापाका तल्लो खण्डमा पनि चाहिएको बेलामा खोल्न हुने गरी साना खापाहरू बनाइएका छन् ।

१६) आगम तथा देवालयका गर्भगृहमा गुह्यरूपमा स्थापित देवीदेवताका रूप (ध्यान, भाव, आयुध, वाहन, वर्ण तथा तान्त्रिक भाव झल्कने अनेक रूपहरू आदि) लाई तोरण, टुंडाल आदिमा देखाएर राख्ने चलन मल्लकालमा विशेष लोकप्रिय रहेको बुझिन्छ। सम्बद्ध देवदेवीको दीक्षामन्त्रको अधिकार नपाएका सर्वसाधारणले समेत दर्शन गर्न पाओस् भन्ने अभिप्रायले पनि तोरण, टुंडाल आदिमा मूल देवदेवीका अनेक रूप एवं भाव झल्कने मूर्ति आदि राख्न लगाएको बुझिन्छ। तलेजू आगमको अतिरिक्त ङातापोल देगः (पाँचतले मन्दिर) यसका उदाहरण हुन् । तलेजूको दीक्षामन्त्र लिएकाहरूलाई बाहेक अरूलाई आगममा प्रवेश गर्ने, दर्शन गर्ने अधिकार छैन, त्यस्तै सम्बद्ध दीक्षाधारीलाई बाहेक अरूलाई पाँचतले मन्दिर भित्रको सिद्धिलक्ष्मी देवीको दर्शन, पूजा गर्ने अधिकार छैन; यसकारण सर्वसाधारणका निमित्त आगमभित्रका कुरा तान्त्रिक परिप्रेक्ष्यमा रहस्यपूर्ण रहे तापनि तोरण टुंडालमा कुँदिएका मूर्तिको माध्यमबाट दर्शनीय हुन पुगेका छन् ।

१७) ती मूर्तिहरू वि.सं. १६९८ मा राजा नरेशमल्लले स्थापना गरेका हुन् ।

१८) यो सिंहका आकृतिहरू ढुङ्गाबाट बनाइएका छन् ।

सुवर्णद्वारको चौकोसको बीचमा दायाँ बायाँ दुई नेत्रहरू छन्; ती द्वारनेत्रहरू हुन् । आगमको मूलद्वारमा तीन नेत्र राख्ने चलन छ। राजदरबार भित्र तलेजू आगम पनि भएको हुनाले ती नेत्रहरू आगमकै चिन्हस्वरूप राखिएका हुन् । सुर्वणद्वारको तेश्रो नेत्रको रूपमा (मूल नेत्र) तोरणको मूलदेवता स्वयं दुर्गा भवानी छिन् ।

सुवर्णद्वारको चौकोसको दायाँ बायाँ कुनामा माउसुलीहरू पनि देखा पर्छन्; ती माउसुलीहरू पनि सुरक्षाकै प्रतीक हुन् ।

उक्त परिप्रेक्ष्यमा विचारणीय कुरा के छ भने सुवर्णद्वारमा देखापरेका आकृतिहरू सन्तुलनको आधारमा यथास्थानमा राखिएका छन्; जोडी आकृतिहरू दायाँ बायाँ छन् भने एक संख्याका आकृति चाहिं दायाँ बायाँका बीचमा छन् । महिषमर्दिनी दुर्गाभवानी, छत्र, खड्ग, ठूलो गजूर, गरुड आदि यसका उदाहरण हुन्। सुवर्णद्वारमा देखिने एउटा मूल विशेषता यो पनि हो।

सुवर्णद्वार बनाएपछि रणजित मल्लले यस द्वारभित्र जुत्ता, अपवित्र वस्तुहरू (कासाल) आदि लिएर लगाएर जान नपाइने नियम बनाई सोही कुरा यसै द्वारको बायाँपट्टिको अभिलेखमा पनि (लकाम, कासाल दुता यने मदुः) लेखाउन लगाएका थिए । तर दुःखको कुरो छ, वर्तमानमा उनले बनाएर गएको नियम, सूचनाको उल्लंघन भइरहेको छ ।

यसप्रकार समग्रमा सुवर्णद्वार मल्लकालीन राजकीय मर्यादा, शासन-प्रशासन, शाक्त तान्त्रिक धर्म (मिश्रित) संस्कृतिको प्रतीकको रूपमा रहेको उत्कृष्ट कृति हो ।

### परिशिष्ट १ संख्याको अभिलेख[१९]

(स्वस्ति श्री ३
महामञ्जुश्री प्रीतिन)
श्रीश्रीजयरणजितमल्ल
देव (स) सूवर्ण
द्वारादि पोललं (गजुलि) दयका
वेलस लयपतिकं दशमी सेवा
याङा (व) श्री ३ महा-मञ्जुश्री
विश्वकर्मायात हेलेफो
दयका (जुरो सं. ...
८७४ ... शुभ)

### परिशिष्ट २ संख्याको अभिलेख[२०]

१. स्वस्ति श्री ३
२ महामञ्जुश्री प्रीतिन
३. श्रीश्रीजयरणजितमल्ल-
४. देवस नेपाल ध्वाकाया सूवर्ण-

---

१९) **पासुका** वर्ष २, अंक १ को पृ. ४ मा यो अभिलेख प्रकाशित छ; तर मूलपाठ शुद्ध पढिएको छ जस्तो छैन भन्ने शंका यो लेखकलाई छ। यसकारण कोष्ठ भित्रका अंश तुलनात्मक रूपमा परिशिष्ट २ संख्याको अभिलेखबाट लिइएको छ। यस "हेलेफो"मा कुँदिएको अभिलेख लेखकले देख्न, पढ्न पाएको छैन। मूल आधार पृ. ४ मा प्रकाशित अभिलेख नै हो।

२०) यस "हेलफो"को अग्रभागमा कलात्मक बुट्टा कुँदिएको छ । पृष्ठभागमा १० पंक्तिको यो अभिलेख कुँदिएको छ । अभिलेखको शीर्षकमा "खड्ग" छाप छ। लेखकको संग्रहमा सुरक्षित यसको प्रतिलिपि "निवा" परिवारका श्री तेजरत्न शाक्यज्यूबाट प्राप्त भएको हो । यो अभिलेख यस अघि प्रकाशमा आएको छैन ।

५. द्वारादि पोलल गजुलि दयका
६. वेलस लयपतिकं पूजा याङाव
७. सुमाकर करूणाकर रतिकर
८. स्वम्हसेन दुता सं
९. ८७४ कार्तिक
१०. १० शुभ

## परिशिष्ट ३ संख्याका अभिलेखहरू[२१]

*क. सुवर्णद्वारको दायाँपट्टिको भित्ताको अभिलेख*

*मूलपाठ*

१. श्री ३ जगदीश्वर्यै नमः ॥ ब्रम्ह
२. श्रीनाथ रूद्र प्रभृति शूरवरैः से-
३. व्यमानाम् घ्रयुग्माम् दैभ्योघ ध्वान्त भानू-
४. पमतनू किरणै पूर्यमान् त्रिलोका-
५. सृष्टि स्थित्यन्त कर्त्रीं त्रिभुवन जन-
६. ताभक्त रक्षैक चित्ताम, बौमिडयाम् विश्व
७. वंदयां गिरिवर तनयां स्वर्गमोक्षैक
८. दात्रीं ॥ ॥ संयाते श्रुतिवाह वारण मि-
९. ते नेपाल संवतसरे, पौषेम चकप-
१०. क्ष नक्रगर वौवारे तथा भाष्करे । मू
११. लक्षें गरुडासनस्य च तिथौ व्याघात
१२. योगेमूदा, स्वेष्टेश्री परितुष्टये स-
१३. मकरौ द्वारप्रतिष्ठां शुभां ॥ कृत्वा ख-
१४. ङ्ग वरच्छदिः सकलसं रात्तोरण
१५. कांचन, सच्छत्र परितोष्य विप्र-
१६. निचया न यज्ञं च कोट्याहुति ॥ भा
१७. स्व द्वंशवरो नृपौघ महितो जि-
१८. त्वा परेषां महीं श्रीश्रीमद्रणजिन्नृ-
१९. पः शुभमपतिः स्वष्टेश्वरीसेवकः ।

*ख. सुवर्णद्वारको बायाँपट्टिको भित्ताको अभिलेख*

*मूलपाठ*

१. स्वस्ति श्रीमत्यशुपतिचरण
२. कमल धुलिधुसरित शिरोरूह श्री
३. मन्मानेश्वरीष्ट देवता वरलब्ध प्र-
४. सादित रघुवंशावतार देदिप्यमान
५. मानोन्नत नेपाल भूमण्डलाखण्डल महा-
६. राजाधिराज श्रीश्री जय राणजितमल्ल दे-
७. व पत्नी जयलक्ष्मी सहितन ॥ श्री ३ स्वष्टे दे-
८. वता प्रीतिन कोट्याहुति यज्ञ याङा व ना
९. लदूम पूर्व, दूधकोशी पश्चिम, दोलषा
१०. सहित राज्य याङा व थ्व पालध्वाकास
११. सुवर्णद्वार, तोरण पोलल, गजुल
१२. छाया व दुता ॥ पुन भाषा, देश जो-
१३. शि नेम्ह, तालचामोल दकोसेन,
१४. थ्व सुवर्णद्वारादि विचाल याय-
१५. माल, यातसा पुण्य, मयातसा पा-
१६. प ॥ सं. ८७४ पौ. व ६ कोट्याहुति य-
१७. ज्ञ, आरम्भ याङा दिन ॥ शुभ ॥ ल-
१८. काम, कासाल दुता यने मदुः ॥

---

२१) यी अभिलेखका पाठहरू म र श्री विनोदराज राजोपाध्याय मिली पढिएको हो ।